अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर,म्याग्दी

सम्पर्क: ९८५७६८३८१० (प्र.प्र.अ)
Email: ito.annamun@gmail.com
Web: annapurnamunmyagdi.gov.np

गण्डकी प्रदेश, नेपाल


प.स.: ०८१।०८२
च.न ९८४

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

मिति २०८१।०६।०२गते
ने .सं .११४४ अलाथ्व १५ बुधवार

## अनुदानमा कृषि कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

### प्रथम पटक सूचनाको प्रकाशन मिति २०८१।०६।०२

यस अन्नपूर्ण गाउँपालिका कृषि विकास शाखाबाट कार्यान्वयन हुने गरी आ.व. २०८१/८२ को लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारीहरुले सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र ( मिति २०८१/०६/२२ गते सम्म) यस कार्यालय तथा सम्बन्धित वडा कार्यालयमा तपसिलका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथै पेश गर्नु पर्ने निवेदनको ढाँचा,व्यवसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, यस कार्यालयको वेवसाईट *annapurnamunmyagdi.gov.np* मा रहेको कृषि विकास तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| क्र स | कार्यक्रम | बजेट | अनुदानको सिमा | कार्यक्रमको संख्या | सञ्चालन गर्न सकिने क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तरकारी उत्पादनको लागि प्लाष्टिक घर निर्माण कार्यक्रम | ७,००,००० | ७५% | १० | (६*१२) वर्ग मि. को प्लाष्टिक घर निर्माण | कम्तिमा ०.५ रोपनीमा तरकारी खेती गरेको हुनुपर्ने। |
| २ | साना सिँचाई कार्यक्रम | ५,००,००० | ७५% | ३ | स-साना अस्थायी बाँध, कुलो सुधार, संरक्षण, पोलिथिन पाईप, पोखरी निर्माण, थोपा सिँचाई, स्प्रिङ्कलर सिँचाई निर्माण तथा व्यवस्थापन | कृषक समूहहरु जस्ता उपभोक्ता समितिले मात्र निवेदन पेश गर्न सक्ने। |
| ३ | फलफूल बगैँचा व्यवस्थापनको लागि निलो तुथो र चुना वितरण कार्यक्रम | ३,००,००० | ७५% | आवश्यकता अनुसार | चुना तथा निलो तुथो वितरण प्राविधिक सहजिकरण | |
| ४ | उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम | २,५०,००० | ७५% | १४ | रैथाने बालीहरु जस्तै जुनेली,स्थानिय केराउ (कल्ला), कालो भट्ट,गहत,मास, घैया, लट्टे | |



Sharma
रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत


Scanned with CamScanner
CamScanner

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# पोखरेबगर,म्याग्दी

सम्पर्क: ९८५७६८३८१० (प्र.प्र.अ)
Email: ito.annamun@gmail.com
Web: annapurnamunmyagdi.gov.np

गण्डकी प्रदेश, नेपाल


प.स.: ०८१।०८२
च.न

मिति २०८१।०६।०२गते
ने .सं .११४४ अलाथ्व १५ बुधवार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | फापर,उवा,मस्याङ,बोडी,कोदो, काडे,मकै, तोरी सबै भन्दा धैरै उत्पादन गर्ने कृषकलाई छनोट गरी प्रोत्साहन स्वरुप प्रोत्साहन रमक रु १५००० सहित सम्मान गराईने छ। | |

संलग्न गर्नु पर्ने कागजातहरु:

- निवेदन ( अनुसूची २ बमोजिम )
- दर्ता/नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बर प्रमाण-पत्रतथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
- व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव( अनुसूची ३ बमोजिम)
- अघिल्लो दुई वर्षमा कुनै कार्यालयबाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र ( अनुसुची ७ बमोजिम)
- वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सम्बन्धित वडाको सिफारिस पत्र।
- कृषक समुहको हकमा अनुदानको माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
- प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
- जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि।
- अर्काको नाममा रहेको जग्गामा कार्यक्रम सञ्चालन गर्ने भए जग्गा धनीको मञ्जुरी नामा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा करार पत्र।

थप जनकारीका लागि ९८४६८४५१०३, ९८४०७७४०५३ मा सम्पर्क गर्न सकिनेछ ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत




Scanned with CamScanner